# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, जेठ २२ गते २०५९ साल (अतिरिक्ताङ्क २० (ख)

## भाग ३

### निर्वाचन आयोगको सूचना

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा १६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो सूचना प्रकाशन गरेको छ।

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ बमोजिम निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्न चाहने प्रत्येक राजनैतिक संगठन वा दलले निर्वाचन आयोगद्वारा निर्धारण गरिएको कार्यविधि अनुसार यस आयोगको कार्यालयमा आफ्नो नाम दर्ता गराउनु पर्ने व्यवस्था भएको हुनाले प्रतिनिधिसभाको सदस्यको लागि हुने आगामी निर्वाचनको लागि मान्यता प्राप्त गर्न चाहने प्रत्येक राजनैतिक संगठन वा दलले यो सूचना प्रकाशित भएको मितिले पैतीस दिन भित्र आफ्नो नाम दर्ता गराउन देहायबमोजिमको रीत पुऱ्याई यसै सूचना साथ संलग्न ढाँचा एवं सम्बन्धित दलको आधिकारिक पदाधिकारीले दल दर्ता गर्ने सम्बन्धमा प्रदान गरेको अख्तियारनामा सहित यस आयोगको कार्यालय, कान्तिपथ, काठमाण्डौमा निवेदन दिनु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ बमोजिम आगामी आम निर्वाचनको प्रयोजनको लागि मान्यता प्राप्त गर्न चाहने प्रत्येक नयाँ राजनैतिक संगठन वा दलले यो सूचना बमोजिम निवेदन दिनु पर्नेछ । तर प्रतिनिधिसभा सदस्य निर्वाचन, २०५१, स्थानीय निकाय निर्वाचन, २०५४, राष्ट्रियसभा सदस्य निर्वाचन, २०५५ र प्रतिनिधिसभा सदस्य निर्वाचन, २०५६ को सन्दर्भमा दर्ता भएका राजनैतिक संगठन वा दलले आफ्नो नाम दर्ता गराउनुपर्ने छैन ।

(ख) यो सूचना बमोजिम दर्ता गराउन चाहने प्रत्येक राजनैतिक संगठन वा दलले यस सूचनामा उल्लिखित अन्य कुराहरुको अतिरिक्त नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) बमोजिम देहायका शर्तहरु पनि पूरा गर्नु पर्नेछ ।

(१) सो संगठन वा दलको विधान र नियम प्रजातान्त्रिक हुनुपर्छ ।

(२) सो संगठन वा दलको विधान वा नियममा कम्तीमा पाँच वर्षको एक पटक संगठन वा दलका पदाधिकारीहरुको निर्वाचन हुने व्यवस्था भएको हुनुपर्छ ।

(३) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११४ बमोजिम प्रत्येक राजनैतिक संगठन वा दलले प्रतिनिधिसभाको सदस्यको लागि हुने निर्वाचनमा आफ्ना उम्मेदवारहरु मध्ये कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार उठाएको हुनु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिम दिइने निवेदनमा देहायका कुराहरु पनि खुलाउनु पर्नेछ ।

(क) राजनैतिक संगठन वा दलको नाम,

(ख) केन्द्रीय कार्यकारिणी समिति वा अन्य कुनै नामले सम्बोधित केन्द्रीय समितिका पदाधिकारीहरु र सदस्यहरुको पूरा नाम, थर, ठेगाना र दस्तखत,

(ग) केन्द्रीय कार्यालयको ठेगाना, पोष्ट बक्स नं., टेलिफोन नम्बर र फ्याक्स नम्बर भएमा सो समेत,

(घ) खण्ड (क) बमोजिम दिइने निवेदनको साथमा संगठन वा दलको सफासँग टाइप वा मुद्रण गरिएको विधान, नियमावली, घोषणापत्र, चिन्ह र झण्डा पनि पेश गर्नु पर्नेछ ।

२. यो सूचना अनुसार आफ्नो नाम दर्ता गराउन चाहने राजनैतिक संगठन वा दलको सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) को खण्ड (घ) को शर्त पूरा भयो वा भएन भन्ने कुरा निर्वाचनको परिणाम निस्केपछिको अवस्थामा मात्र हेर्न सकिने भएको हुनाले यस्ता राजनैतिक संगठन वा दलहरुले यो सूचना अनुसारको अन्य शर्तहरु पूरा गरेमा तिनीहरुलाई पनि निर्वाचनको प्रयोजनको लागि मान्यता नपाएको राजनैतिक संगठन वा दलको रुपमा दर्ता गरिने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. कुनै राजनैतिक संगठन वा दल धर्म, सम्प्रदाय, जात, जाति वा क्षेत्रीयताको आधारमा गठन भएको रहेछ भने नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११२ को उपधारा (३) अनुसार यस आयोगले राजनैतिक संगठन वा दलको रुपमा मान्यता दिने छैन ।

४. कुनै राजनैतिक संगठन वा दलको सदस्यता प्राप्त गर्न केवल धर्म, जात, जाति, भाषा वा लिङ्गको आधारमा नेपाली नागरिक उपर भेदभावपूर्ण बन्देज लगाइएको वा कुनै राजनैतिक संगठन वा दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा धार्मिक, साम्प्रदायिक वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (३) बमोजिम यस आयोगले त्यस्तो संगठन वा दललाई दर्ता गर्ने छैन ।

५. निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगमा मान्यता प्राप्त भएको वा नभएको राजनैतिक संगठन वा दलको रुपमा पहिलेनै दर्ता भइरहेका राजनैतिक संगठन वा दलहरुले देहाय बमोजिमको विवरण यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र आयोगको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(१) दलको विधान, नियम आदिमा संशोधन गरिएको भए सो कुरा,

(२) कार्यकारिणी सदस्य तथा पदाधिकारीहरुमा कुनै परिवर्तन भए सो कुरा,

(३) निर्वाचन प्रयोजनको लागि दलले प्रकाशन गरेको घोषणापत्रमा संशोधन गरिएको भए सो कुरा,

(४) संगठन वा दलको विधान वा नियममा कम्तीमा पाँच वर्षको एकपटक संगठन वा दलका पदाधिकारीहरुको निर्वाचन हुने व्यवस्था अनुसार निर्वाचन भएको, नभएको र भएको भए कहिले भएको,

(५) प्रतिनिधिसभाको लागि भएको निर्वाचनमा उम्मेदवारहरुमध्ये कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार उठाएको, नउठाएको,

(६) विगत निर्वाचनहरुमा भाग लिएको विवरण ।



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३३

## राजनैतिक संगठन वा दल दर्ता गर्नको लागि दिइने निवेदनको ढाँचा

श्री निर्वाचन आयोग
.......................
.........................

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ बमोजिम निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगवाट मान्यता प्राप्त गर्न राजनैतिक संगठन वा दल दर्ताको लागि मि ....................................... मा प्रकाशित निर्वाचन आयोगको सूचना अनुसार देहाय वमोजिमको विवरण खोली यो निवेदन पेश गर्दछु।

१. राजनैतिक संगठन वा दलको विवरण :–

(क) पूरा नाम : ................................

(ख) संक्षिप्त नाम : ...........................

(ग) गठन भएको मिति : .................

(घ) केन्द्रीय वा प्रधान कार्यालयको ठेगाना :–
महा/उपमहा/नगरपालिका/गाउँ विकास समिति .......................
वडा नं. .......................गाउँ/टोल .........................
जिल्ला ....................... टेलिफोन नं. ................ फ्याक्स नं.: ............
हुलाक : .........................

(ङ) पत्राचारको ठेगाना :–
महा/उपमहा/नगरपालिका/गाउँ विकास समिति .......................
वडा नं. .......................गाउँ/टोल .........................
जिल्ला ....................... टेलिफोन नं. ................ फ्याक्स नं.: ..........
हुलाक : .........................

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 200

२. राजनैतिक संगठन वा दलको केन्द्रीय समिति वा सो सरहको केन्द्रीय स्तरको कार्यसमितिका पदाधिकारी र सदस्यहरुको विवरण :-

(क) पदाधिकारीहरुको विवरण

(१) सभापति वा सो सरहको पदाधिकारीको
नाम, थर :– ........................................
ठेगाना : .......................... टेलिफोन नं. ......... दस्तखत ..........

(२) महामन्त्री वा सो सरहको पदाधिकारीको
नाम, थर :– ........................................
ठेगाना : ................................. दस्तखत ............

(३) कोषाध्यक्षको
नाम, थर :– .... ..............................
ठेगाना : ................................. दस्तखत ............

(ख) सदस्यहरुको विवरण

(१) नाम,थर : ..........................................
ठेगाना : ................................................ दस्तखत ............

(२) नाम,थर : ..........................................
ठेगाना : ................................................ दस्तखत ............

(३) नाम,थर : ..........................................
ठेगाना : ................................................ दस्तखत ............

(४) नाम,थर : ..........................................
ठेगाना : ................................................ दस्तखत ............

(५) नाम,थर : ..........................................
ठेगाना : ................................................ दस्तखत ............

(६) नाम,थर : ..........................................
ठेगाना : ................................................ दस्तखत ............

(७) नाम,थर : ..........................................
ठेगाना : ................................................ दस्तखत ............

(८) नाम,थर : ..........................................
ठेगाना : ................................................ दस्तखत ............

(९) नाम,थर : ..........................................
ठेगाना : ................................................ दस्तखत ............

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि सदस्य संख्या वढी भएको अवस्थामा सोही अनुसार उल्लेख गर्न सकिने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

209

३. अन्य विवरण

(क) जिल्ला स्तरीय संगठनात्मक इकाईको संख्या : ..................................

(ख) स्थानीय संगठनात्मक इकाइको सख्या : ..................................

(१) महा/उपमहा/नगरपालिका स्तरीय इकाई : ..........................

(२) गाउँ विकास समिति स्तरीय इकाई : ..........................

(ग) संगठन वा दलको जम्मा सदस्य संख्या : ..........................

४. संलग्न कागजातहरु :–

(क) विधान,

(ख) नियमावली,

(ग) घोषणापत्र,

(घ) झण्डा,

(ङ) चिन्ह (लोगो)।

५. यस राजनैतिक संगठन वा दलबाट माग गरिएको निर्वाचन चिन्ह :
(प्राथमिकता अनुसार लेख्ने)

(क) ........................

(ख) ........................

(ग) ........................

(घ) ........................

६. यो राजनैतिक संगठन वा दल नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनाको भावनाप्रति पूर्ण निष्ठावान् रही वालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रमा आस्था एवं विश्वास राख्दछ।

७. यो राजनैतिक संगठन वा दलले आफ्नो राजनैतिक उद्देश्य प्राप्तिको लागि कुनै धर्म, वर्ण, लिङ्ग, जात, जाति, सम्प्रदाय, भाषा र नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखंण्डतामा आघात पुग्ने कार्यक्रम र तत्सम्वन्धी गतिविधि गर्ने छैन।

८. प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा १६ को उपदफा (२) वमोजिम प्रतिनिधिसभाको सदस्यको आगामी निर्वाचनमा यस राजनैतिक संगठन वा दलवाट मनोनित उम्मेदवारहरुमध्ये कम्तीमा पाँच प्रतिशत उम्मेदवार महिला वर्गवाट मनोनित गरिनेछ।

९. यो राजनैतिक संगठन वा दलको विधान/नियमावलीमा प्रत्येक ........................ वर्षमा संगठन वा दलका पदाधिकारीहरुको निर्वाचन हुने व्यवस्था छ। विधान/नियमावलीको व्यवस्था वमोजिम केन्द्रीय समिति (वा सो सरहको समिति) का पदाधिकारीहरुको निर्वाचन भएको छ/छैन र निर्वाचन भएको छ भने पछिल्लो निर्वाचन भएको मिति : ........................................

राजनैतिक संगठन वा दलको छाप

दस्तखत :..............................

नाम,थर:..............................

पद :..............................

मिति :..............................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

202

राजनैतिक संगठन वा दल दर्ता गर्नको लागि सम्बन्धित दलको आधिकारिक पदाधिकारीले प्रदान गर्ने अख्तियारनामाको ढाँचा

श्री सचिव,
......................
......................

महोदय,

निर्वाचन आयोगलाई जानकारी दिने प्रयोजनको लागि .................................. नामक राजनैतिक संगठन वा दलको निम्नलिखित पदाधिकारीलाई अधिकार दिइएको छ । उहाँको दस्तखत तल लेखिए बमोजिम छ ।

पदाधिकारीको पूरा नाम,थर :
पद :
ठेगाना :
फोन नम्वर :
फ्याक्स नम्वर :

पदाधिकारीको दस्तखत नमूना :

| | |
|---|---|
| १ | |
| २ | |

राजनैतिक संगठन वा दलको छाप

केन्द्रीय समिति वा सो सरहको केन्द्रीय कार्यकारिणिका सभापति वा सो सरहको पदाधिकारी अथवा महामन्त्री वा सो सरहको पदाधिकारी

सही :
नाम,थर :
पद :
मिति :

आज्ञाले,
शम्भुप्रसाद खनाल
निर्वाचन आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

204

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।